# काठमाडौं महानगरपालिका

## यं महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### सहकारी विभाग

काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७९/८०
च.नं. ८२४

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी विभाग काठमाडौं प्लाजा, काठमाडौं, नेपाल

मिति : २०८०।०३।२१

**विषय : पुनर्लिखित विनियम पठाईएको ।**

श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार, काठमाडौं ।

त्यस संस्थाको पुनर्लिखित विनियम स्वीकृतिको लागि माग भई आएकोमा यस कार्यालयको मिति २०८०।०३।१९ को निर्णय बमोजिम पुनर्लिखित विनियम स्वीकृत गरी यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारी गराईन्छ । साथै संघीय सहकारी ऐन, २०७४, नियमावली, २०७५ तथा काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को परिधिभित्र रही सहकारीको मूल्य मान्यता अनुसार सहकारी संचालन गर्न हुन अनुरोध छ ।

............
(विमल कोइराला)
उप-निर्देशक

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं नेपाल, फोन नं. ०१-४७९०१३६
ईमेल : corp@kathmandu.gov.np, वेभसाइट :Http//www.kathmandu.gov.np

CS Scanned with CamScanner

# पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
# विनियम, २०८०

## पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. संचालन गर्न वनेको एकिकृत संशोधित पुनर्लिखित विनियम

### प्रस्तावना

अन्तर्राष्ट्रिय सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूका आधारमा सदस्यहरूमा छरिएर रहेको श्रोत र साधनलाई एकीकृत गरी सदस्यहरूको निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृति विकासको लागि एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले, सहकारी ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम मिति २०६५।१२।२७ मा डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता नं. २१७६ दर्ता भ संचालनमा रहेको सहकारी ऐन २०७४ को दफा २७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि मिति २०७९।०५।१८ मा बसेको तेह्रौ वार्षिक साधारणसभाको निर्णय बमोजिम गठित विनियम पुनर्लेखन समितिबाट पुरलेखन गरी मिति २०७९।१०।२८ गते बसेको संचालक समितको सिफारिस बमोजिम **पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.** को विनियम २०६५ लाई पुर्नलेखन गरी लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विनियमको नाम **पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था** लि.को पुर्नलिखित विनियम, २०८० रहेको छ ।

(ख) यो विनियम दर्ता गर्ने अधिकारीले स्वीकृत गरे पछि तुरून्त लागु हुनेछ ।

२. **संस्थाको नाम, ठेगाना :**

(क) संस्थाको नाम: **पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** रहनेछ । अंग्रेजीमा Pabitra Lumbini Saving & Credit Co-operative Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगाना : संस्थाको कार्यालय काठमाडौ जिल्लाको का.म.न.पा.वडा नं. २८ मा रहेकोछ ।

(ग) काठमाडौं महानगरपालिका, सहकारी विभाग काठमाडौंको पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिनेछ, संस्थाका बढि सदस्यहरूलाई पायक पर्ने ठाँउमा कार्यालय राखिनेछ ।

(घ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको एउटै भवन प्रयोग गरिने छैन ।

(ङ.) ठेगाना परिवर्तनको सूचना अनिवार्य रूपमा आफ्ना सदस्यहरू, सम्बन्धित सहकारी एवं सरकारी कार्यालय तथा सहकारीका सम्वन्धित संघहरूमा दिइनेछ ।

(च) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरूको सहज पहुँच हुने र देखिने स्थानमा राखिने छ ।

(छ) संस्थाको साइन बोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि उपलब्ध फोन, इमेल, फ्याक्स, पोष्टवक्स नम्वर उल्लेख गरिनेछ ।

(ज) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्वन्धित सबै सरकारी निकाय तथा सहकारीका संघहरूमा गराइनेछ ।

(झ) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा निम्न कुराहरू खुलेको सूचना राखी सम्वन्धित सबैलाई सुसूचित गर्नेछ :-

(१) संस्थाको प्रमुख कारोवार ।

(२) कुल सदस्य संख्या ।

(३) कारोवारको विवरण - यस अन्तर्गत कूल संकलित शेयर पुँजी, कुल बचत निक्षेप संकलन, कुल लगानी र कारोवारबाट भएको मुनाफा अन्य सेवाहरू उल्लेख गरिनेछ । यस्तो विवरण लेखा परीक्षण गरेको गत आर्थिक बर्षको श्रेस्ताको आधारमा राखिनेछ ।

Scanned with CamScanner

(४) लिने, दिने ब्याज दर ।

(५) संचालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

३. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) 'ऐन' भन्नाले काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) 'सहकारी विभाग' भन्नाले काठमाडौं महानगरपालिका, सहकारी विभागलाई सम्झनु पर्छ ।

(ग) 'संघीय ऐन' भन्नाले संघीय संसदबाट जारी भएको सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले काठमाडौं महानगरपालिका सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(ङ) 'दर्ता गर्ने अधिकारी' भन्नाले ऐनको दफा ६९ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकारप्राप्त अधिकृत समेतलाई जनाउनेछ।

(च) 'संस्था' भन्नाले पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड सम्झनुपर्दछ ।

(छ) 'विनियम' भन्नाले पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम, २०८० सम्झनुपर्दछ।

(ज) "साधारण सभा" भन्नाले प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(झ) 'समिति' भन्नाले विनियमको दफा ३६ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(ञ) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

(ट) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(ठ) 'व्यवस्थापक' भन्नाले विनियमको दफा ५३ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनुपर्दछ ।

(ड) "रजिष्ट्रार" भन्नाले संघिय सरकार अन्तर्गत सहकारी विभागको रजिष्ट्रार सम्झनु पर्दछ।

(ढ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ण) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुँजीको अंश सम्झनु पर्दछ ।

(त) "सदस्य" भन्नाले विनियमको दफा ८, १० वा १४ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

(थ) "शेयर प्रमाण पत्र" भन्नाले शेयर सदस्यलाई शेयर खरिद गरे वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(द) "बचत निक्षेप" भन्नाले सदस्यहरूले पूर्व निर्धारित दरमा व्याजको रूपमा लाभ समेत फिर्ता प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(ध) "ऋण" भन्नाले संस्थाले विनियमको अधिनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम थप समेत गरी फिर्ता प्राप्त गर्ने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम समेत थप गरी फिर्ता गरी प्रचलित ऐनको अधिनमा रही ऋणको रूपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ ।

(न) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

(प) सहकारी मुल्य मान्यता भन्नाले स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मुल्य सम्झनु पर्दछ ।

(फ) सहकारी सिद्धान्त भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यता द्वारा लोकतान्त्रिक नियन्त्राण, सदस्यको आर्थिक सहभागिता स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना,

Scanned with CamScanner

सहकारी - सहकारी बिच पारस्पारिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्दछ ।

(व) लेखा सुपरिवेक्षण समिति भन्नाले विनियमको दफा ४१ वमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्दछ ।

४. **संस्था संगठित संस्था हुने :**

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(ख) संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि **अनुसूची-१** मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै चिन्ह अंकित छाप रहनेछ ।

(ग) संस्थाको छाप संचालक समितिवाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(घ) संस्थाले व्यक्ति सरह प्रचलित कानून एवं यस विनियममा उल्लेख भए वमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र सम्पत्ति वेचविखन गर्न कुनै प्रकारले वन्दोवस्त गर्न सक्नेछ ।

(ङ) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामवाट नालिस उजूर लाग्न सक्नेछ ।

**५. सहकारी सिद्धान्त र आवद्धता:**

(क) अन्तराष्ट्रिय सहकारी महासंघद्धारा पारित सहकारीका निम्न सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यि सिद्धान्तहरुको अनुसरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन् ।

(१) स्वेच्छिक तथा खुला सदस्यता ।
(२) सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण ।
(३) सदस्यहरुको आर्थिक सहभागिता ।
(४) स्वायत्तता तथा स्वतन्त्रता ।
(५) शिक्षा, तालिम र सुचना ।
(६) सहकारीहरु विच सहयोग ।
(७) समुदायप्रति चासो ।

(ख) बचत तथा ऋणको कारोवार गर्दा विश्व ऋण परिषद (WOCCU) द्धारा प्रतिपादित देहायका १० वटा सिद्धान्तहरुलाई पनि मार्गदर्शकका रुपमा लिइनेछ ।

(१) प्रजातान्त्रिक संरचना:
- १.१ खुला र स्वेच्छिक सदस्यता,
- १.२ प्रजातान्त्रिक नियन्त्रण,
- १.३ समानता

(२) सदस्यलाई सेवा:
- २.४ सदस्यलाई सेवा,
- २.५ सदस्यहरुलाई लाभांश वितरण,
- २.६ आर्थिक स्थायित्व

(३) सामाजिक उत्तरदायित्व:
- ३.७ अनवरत शिक्षा,
- ३.८ सहकारीहरुविच सहयोग,
- ३.९ सामाजिक उत्तरदायित्व,
- ३.१० विश्वव्यापी परिकल्पना ।

(ग) सहकारीको सिद्धान्त वमोजिम सहकारी विच पारस्परिक सहयोगको अभिवृद्धि गर्न यो सस्थाको दर्ता भई प्रारम्भिक साधारण सभा सम्पन्न भएको ६ महिना भित्र काठमाण्डौ जिल्ला सहकारी संघ लिमिटेड र काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको सदस्यताका लागि निवेदन गरिनेछ । सस्थाको वित्तिय क्षमताका आधारमा राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गरि सदस्यता लिन पहल गरिनेछ ।

Scanned with CamScanner

## परिच्छेद २
## उद्देश्य र कार्य

**उद्देश्य :**

सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरू हुनेछन् :

(१) संस्थामा संलग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

(२) सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‍याउने ।

(३) सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पुँजिको उपयोग बढाउने ।

(४) सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुर्‍याउने खालका सेवामूलक कार्यक्रमहरू संचालन गरी सहकारीताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।

(५) सदस्यहरूको समूह र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियम, मापदण्डहरू र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य संचालनका लागि चल, अचल सम्पत्ति आर्जन गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धक राख्ने आदि कार्य गर्ने ।

**कार्यहरू :**

(१) संस्थाले प्रचलित कानूको अधिनमा रही देहाय बमोजिमका कार्यहरू गर्नेछ ।

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने ,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने ,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्वन्धी कार्य गर्ने ,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्वन्धी क्रियाकलापहरू सञ्चालन गर्ने ,

(छ) मन्त्रालय,रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्तागर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

(झ) सहकारी सिद्धान्त अनुरूप बहुउद्देश्यीय सहकारी संस्थाको बहुउद्देश्य प्राप्तिका लागि कार्यहरू गर्ने ।

(ञ) संस्थाको **स्वीकृत नीति अनुसार सदस्यहरूबाट बचत** संकलन गर्ने ।

(ट) संस्थाको **स्वीकृत नीति अनुसार सदस्यहरूलाई ऋण** लगानी गर्ने ।

(ठ) ऐन बमोजिम संस्थाको शेयर बिक्री गर्ने ।

(ड) ऐन, नियमावली र विनियमको अधीनमा रही राष्ट्रिय सहकारी बैंक लि. लगायतका अन्य संघ–संस्थाबाट बचत तथा ऋण कारोवार गर्ने ।

(ढ) सहकारीता बारे सदस्यहरूको चेतना जगाउने क्रियाकलाप संचालन गर्ने ।

(ण) सदस्यहरूलाई सीपमूलक तालिमको अवसर प्रदान गरि व्यावसायिक सीप अभिवृद्धि गर्ने ।

(त) शिक्षा, यातायात, विभिन्न किसिमका उद्योग, ब्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत् सम्वन्धी काममा सदस्यहरूलाई व्यक्तिगत वा सामुहिक रूपमा प्रयाप्त सुरक्षण आधारमा ऋण प्रवाह तथा संचालन गर्ने ।

(थ) सदस्यहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरूमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पुर्‍याउने काम गर्ने ।

Scanned with CamScanner

(द) सदस्यहरूलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

(ध) आफ्ना सदस्यहरूलाई सानातिना जोखिममा सहयोग पुग्ने गरी सदस्यहरूको सामूहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने ।

(न) कारोबारको मुनाफाबाट केही अंश छुट्याई सदस्यहरू एवं तिनका परिवारका सदस्यहरूलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्ने ।

(प) विनियममा व्यवस्था भएका कोषहरूको प्रभावकारी ढंगले उपयोग गर्ने ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृत लिए पछि मात्र प्राप्त स्वीकृतिको शर्त बन्देज अन्तर्गत रही त्यस्तो सेवा वा व्यवसाय संचालन गर्नेछ ।

८. **कार्यक्षेत्र:**

यस संस्थाको कार्यक्षेत्र काठमाण्डौ जिल्लाको काठमाण्डौ महानगरपालिका भर सिमित हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

९. **सदस्यता :**

(१) देहायका प्राकृतिक व्यक्तिहरू संस्थाको सदस्य हुनेछन् :

(क) संस्था दर्ताको लागि निवेदन दिने व्यक्तिहरू र

(ख) दफा ९ बमोजिमको योग्यता पुगेका तथा दफा १० बमोजिम सदस्यता वा दफा १४ बमोजिम पुन: सदस्यता प्राप्त गरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूले दफा १८ बमोजिम संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

१०. **सदस्यताको लागि योग्यता :**

(१) १६ वर्ष उमेर पूरा गरेका देहायबमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन् ।

(क) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको

(ख) संस्थाको कम्तिमा १ शेयर खरिद गरेको

(ग) संस्थाको विनियममा उल्लेखित शर्तहरू पालना गर्न मञ्जुर भएको

(घ) संस्थासंग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोवार नभएको ।

(ङ) यस विनियममा उल्लेख भए बमोजिम सदस्यको उत्तरदायित्व वहन गर्न स्वीकार गरेको ।

(च) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको ।

(छ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यता योग्यता नपुगेको मानिनेछ ।

११. **सदस्यताका लागि निवेदन र प्राप्ति**

(१) संस्थाको सदस्यता लिन चाहने सम्वन्धित व्यक्तिले संस्थाको अध्यक्ष मार्फत समिति समक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले सदस्यता लिन चाहेमा संस्थाको प्रकृति र भौगोलिक कार्यक्षेत्र भित्रको अन्य संस्थाको सदस्य नभएको स्वघोषणा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन परेको मितिले तीस दिनभित्र समितिले प्रचलित कानूनको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली ७ दिनभित्र निवेदकलाई जानकारी गराउने छ ।

१२. **सदस्यताको अन्त्य**

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :

Scanned with CamScanner

(क) मृत्यु भएमा,
(ख) मानसिक विग्रिएमा,
(ग) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,
(घ) लगातार वार्षिक साधारणसभामा विना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,
(ङ) संस्था विघटन भएमा,
(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,
(छ) ऐन तथा प्रचलित कानू बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लघन गरेमा,
(ज) विनियमको दफा ९ मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,
(झ) समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा संचालकको कुनै पदमा रहेको पाइएमा ।
(ट) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर बापतको रकम फिर्ता लिएमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरू कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउनेछैन ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि साधारण सभा बोलाउने निर्णय भैसकेपछि साधारण सभा सम्पन्न नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

**सदस्यको निष्कासन**

(१) संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछ:-
(क) संस्थाको संचालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा ।
(ख) संस्थाको स्वीकृत नीति र विनियम बर्खिलाप हुने काम गरे गराएमा ।
(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।
(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।
(ङ) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्वन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्वन्धमा स्पष्टिकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्वन्धित सदस्यलाई निलम्वन गरी संस्थावाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

**सदस्यताबाट राजीनामा :**

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।
तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट छुट पाउनेछैन ।

(३) सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषणका आधारमा अर्थात शेयरको Book Value को आधारमा हिसाब गरी शेयर रकम फिर्ता गरिनेछ ।

Scanned with CamScanner

१५. **पुनः सदस्यताः**

(१) दफा १० बमोजिम संस्थामा सदस्यताको लागि निवेदन माग गरेमा संचालक समितिले छानविन गरी पुनः सदस्यता दिन सक्नेछ।

(२) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुन : रीतपूर्वक निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ।

१६. **सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने,

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने तथा पदीय जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने,

(ग) संस्थामा नियमित रूपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने,

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्तावन्दी रूपमा साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी गर्दै जाने,

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने,

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा जानकारी लिने,

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने,

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने,

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने।

१७. **सदस्यता खुला रहनेः**

(१) निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातिय, लैङ्गिक आधारमा विभेद गर्नु नहुने,

(२) सदस्य संस्थाको कार्यक्षेत्र भित्र स्थायी रूपमा बसोवास गरेकै हुनुपर्ने,

(३) सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,

(४) संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,

(५) सदस्यले संस्थाको सदस्यता छाड्न चाहेमा सदस्यता छाडि अलग हुन सक्ने,

(६) कृतिम छेकवार (बन्देज) लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने।

१८. **सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्नेः**

(१) दफा १० बमोजिम सदस्यताको लागि संस्थामा निवेदन पेश गरेमा सदस्यता प्राप्त गर्न सक्नेछ।

(२) दफा ९ बमोजिम सदस्यताको लागि योग्यता पुगेमा संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछ।

(३) दफा १० र १४ बमोजिम संस्थामा सदस्यताको लागि निवेदन माग गरेमा संचालक समितिले छानविन गरी पुनः सदस्यता दिन सक्नेछ।

(४) सहकारीको "स्वेच्छिक तथा खुला सदस्यता" सिद्धान्त बमोजिम संस्थाका शेयर सदस्यले सदस्यताबाट राजिनामा दिन सक्नेछ।

## परिच्छेद-४
## पूंजी परिचालन

१९. **शेयर पुंजी :**

(१) संस्थाको कुल शेयरपुंजी रू १०,००,००,००० (अक्षेरूपी दश करोड) हुनेछ। संस्थाबाट पुँजी संकलनका लागि प्रति शेयर रू. १००। को दरले १०००००० (अक्षेरूपी दश लाख) थान शेयर जारी गरिनेछ।

Scanned with CamScanner

(२) संस्थाको सेवा संचालनका लागि आवश्यक रकम यथाशाक्य सदस्यहरूले दफा २० बमोजिम सदस्यताको शर्त स्वरूप र दफा २१ बमोजिम स्वेच्छले खरिद गरेको शेयर वापतको पुंजीको रूपमा जुटाइनेछ ।

(३) संस्थाको एक शेयरको मूल्य रू. १००।- (रूपैया एक सय) हुनेछ । शेयर सदस्यलाई अनुसूची ३ को ढाँचामा शेयर प्रमाण पत्र उपलब्ध गराइने छ ।

(४) संस्थाले विनियमकोदफा ८ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूलाइ शेयर बिक्री गर्न सक्नेछ । तर अन्य कुनै कानुमा व्यक्तिलाई शेयर बिक्री गर्नेछैन ।

(५) संस्थाले संकलित पुँजीको आधारमा उपरोक्तानुसारको कुल शेयर पुँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी नियमनकारी निकायको स्वीकृति लिई शेयर पुँजी वृद्धि गर्दै लजान सक्नेछ ।

## २०. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने:

(१) दफा १० बमोजिम सदस्यता स्वीकार भैसकेपछि शेयर सदस्यले कम्तिमा १ कित्ता (रू. १००) को शेयर खरिद गर्नुपर्नेछ ।

(२) एक सदस्यले संस्थाको कुल भुक्तानी शेयर पुँजीको २० प्रतिशतमा नबढाई शेयर खरीद गर्न सक्नेछन् ।

(३) संस्थाले सार्वजनिक रूपमा विज्ञापन गरी शेयर बिक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन ।
तर सहकारीको सिद्धान्त एवं प्रचलित कानून बमोजिम सहकारी संस्थाहरू बीच आपसी सम्झौता बमोजिम संयुक्त रूपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोवार गर्न सकिनेछ ।

(५) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन ।
तर, सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघहरूको शेयर खरीद गरी सहकारीको विकाशमा योगदान पुऱ्याउनेछ ।

(६) संस्थाले संकलित पुँजीको आधारमा दफा बमोजिम कुल शेयर पूँजिमा साधारण सभाबाट निर्णय गरी सम्बन्धित सहकारी कार्यालयको स्वीकृति गराई पुँजी बृद्धि गर्दै लान सक्नेछ ।

## २१. थप शेयर खरिद गर्न सक्ने :

दफा १९ उपदफा (२) बमोजिम एक सदस्यले संस्थाको कुल भुक्तानी शेयर पुँजीको २० प्रतिशतमा नबढाई थप शेयर खरीद गर्न सक्नेछन् ।

## २२. शेयर फिर्ता वा हस्तान्तरण :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसाव जाँच पश्चात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा वहुलाएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनीत गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाउँमा कानूनको अधिनमा रही नामसारी गरिदिनेछ ।

## २३. प्रवेश शुल्क:

विनियमको दफा १० अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रू.१००।- ( एक सय) पछि फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।

## २४. कृत्रिम छेकवार नलगाइने :

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ९ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा वाहेक दफा १९ बमोजिम खरिद

Scanned with CamScanner

गर्नुपर्ने एक शेयरको वा दफा २० बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाव मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारणसभा वा दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

**५. शेयर प्रमाण पत्र**

संस्थाले सदस्यहरूलाई शेयर खरीद गरे वापत तोकिए बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रू. १००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

**६. सदस्यको दायित्व सिमित हुने ।**

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरूको दायित्व हुनेछ ।

**७. सुविधा प्राप्त गर्न नसक्ने**

कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा सहकारी ऐन २०७४ को अधिनमा रही बनेको नियम वा विनियम वमोजिम सदस्यले पालना गर्नुपर्ने व्यवस्थाको वारम्वार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

**८. हकवालाको मनोनयन**

(१) सदस्यले हकवाला मनोनित गर्दा कम्तिमा दुई जना संस्थाको सदस्यहरूको रोहवरमा लिखित तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरू समेतको सही छाप गरेको हुनुपर्नछ ।

(२) उपदफा १ वमोजिम हकवाला मनोनित गर्ने सदस्यले एक भन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा २ को अधिनमा रही एक भन्दा बढी व्यक्तिहरूलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रूपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

**९. हकदावी वा नामसारी**

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थावाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको २७ वमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ । तर, त्यस्तो हकवाल संस्थाको सदस्यता प्राप्त गर्नको लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरू कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दर्खास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरिदिन सक्नेछ ।

(२) उपदफा १ वमोजिम मृत्यु भएमा सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत्य सदस्यको हकवाला नाबालक रहेमा वा निजको मानसिक सन्तुलन ठिक नरहेमा मृत्य सदस्यले पाउने सम्पूर्ण रकम कम्तिमा २ जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

## परिच्छेद-५
## साधारण सभा

**. प्रारम्भिक साधारण सभा :**

Scanned with CamScanner

(१) तदर्थ संचालक समितिले संस्था दर्ता भएको मितिले तीन महिना भित्र संस्थाको प्रारम्भिक साधारणसभा हुदै २०७९/०५/१८ गते तेह्रौं वार्षिक साधारण सभा समेत सम्पन्न गरेको छ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा बोलाईदिन काठमाडौं महानगरपालिका, सहकारी विभाग, काठमाडौंमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि कार्यालयले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारणसभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूको उपस्थिति भएमा प्रारम्भिक साधारणसभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरू गर्नेछ :–

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिन सम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने ,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने ,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने ,

(च) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**वार्षिक साधारणसभा :**

(१) संस्थाका सम्पूर्ण शेयर सदस्यहरू भएको एउटा साधारणसभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र संचालक समितिले वार्षिक साधारणसभा बोलाउने छ ।

(२) उप दफा (१) बमोजिम वार्षिक साधारणसभा नबोलाईएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन काठमाडौं महानगरपालिका, सहकारी विभागमा निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले त्यस्तो सभा बोलाउन सक्नेछ । यसरी बोलाएको सभा संचालन को सम्पूर्ण दायित्व संस्थाको हुनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारणसभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरू समेत खुलेको विवरण कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरूलाई सार्वजनिक रूपमा सूचना दिनुपर्ने कर्तव्य संचालक समितिले निर्वाह गर्नेछ । यस्तो सूचना काठमाडौंबाट प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिका मार्फत प्रकाशित गरिनेछ । सूचनाको प्रभावकारिताका लागि संचारका विद्युत्तीय माध्यम समेत प्रयोग गर्न सकिनेछ

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा सभाको काम कारवाही शुरू हुनेछ ।

(५) गणपूरक संख्या सम्वन्धी व्यवस्था प्रचलित कानूनमा भए अनुसार हुनेछ ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूंमध्येवाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा सभाको सभापतित्व गरेको सदस्यले पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिने छ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनु पर्नेछ ।

**विशेष साधारण सभा :**

(१) ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको अवस्था र विधि अनुसारको विशेष साधारणसभा बस्नेछ ।

(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्य संचालनका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारणसभा बोलाउन सक्नेछ ।

Scanned with CamScanner

**साधारणसभाको बैठक**

(१) साधारणसभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी एस.एम. एस., एफ. एम., रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय संचारका बहु माध्यमबाट दिनुपर्नेछ ।

(२) समितिले साधारणसभाको बैठकमा सदस्यहरू साक्षात् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारणसभाको बैठकमा पेश गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिन अगावै यथाशक्य उपलब्ध गाउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(४) साधारणसभाको बैठकमा उद्घाटनको कार्यक्रम राख्नु हुदैन तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्दछ । तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवको अवसरमा उद्घाटनको कार्यक्रम राख्न बाधा पर्ने छैन ।

(५) साधारणसभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थिति संचालक हरूका साथै समितिको कुल सदस्य संख्याभन्दा कम्तिमा दुई जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहिछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भए साधारणसभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारणसभा डाँक्नु पर्दा प्रत्येक स्थानमा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नु पर्दछ ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा संख्याको कम्तिमा दोब्बर संख्या पुग्ने गरी प्रत्येक बैठकबाट कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूको साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन ।

(८) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधीहरूको प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता गरेको बाहेक संचालक वा लेखा समितिका पदाधिकारीहरले उपदफा (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१०) साधारणसभाको बैठकको कार्यविधिका सम्वन्धमा अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकिदिए बमोजिम हुनेछ ।

**साधारणसभाको काम, कर्तव्य र अधिकार :**

(१) वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

- (क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने ,
- (ख) वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने ,
- (ग) समिति वा लेखासुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने ,
- (घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,
- (ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ,
- (च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,
- (छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,
- (ज) संस्था एकीकरण वा विघटन सम्वन्धि निर्णय गर्ने,
- (झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,
- (ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्वन्धमा निर्णय गर्ने ,
- (ट) सदस्यको दायित्व मिनाहा दिने,

Scanned with CamScanner

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) संस्था विघटन, एकिकरण वा विभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुऱ्याई गरिनेछ ।

**३५. साधारणसभाको निर्णय अनिवार्य हुने :**

यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारणसभाको निर्णय अनिवार्य हुनेछ ।

(क) संस्थाको कार्य संचालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरू बनाउने ।

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी संघ/संस्था, गैर सरकारी संगठनसंगको साझेदारीमा कुनै काम गर्ने सम्वन्धमा निर्णय लिने ।

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसंग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व स्वीकृति दिने ।

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दिर्घकालीन भैपरि दायित्व सृजना गर्ने ।

(ङ) बचत तथा ऋणको ब्याजदर निर्धारण गर्ने ।

(च) लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने ।

(छ) वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने ।

(ज) संचालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरूलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउने ।

## परिच्छेद-६
## प्रतिनिधी मुलक अंगहरू

**३६. संचालक समितिः**

(१) संस्थाको दैनिक कार्य संचालनका लागि साधारणसभाले एक/एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, महिला सदस्य र खुल्ला सदस्य समेत कम्तिमा ७ र बढिमा ११ जनाको संचालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारणसभाका सम्पूर्ण सदस्यहरू मध्येबाट गरिनेछ । तर संस्था दर्ता भएकै वर्ष बाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई संचालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा सम्भव भएसम्म सञ्चालक समितिको स्वरूप समावेशी बनाइनेछ ।

(४) संचालकहरूको पदावधि चार वर्ष हुनेछ तथा उनीहरू पुनः निर्वाचित हुन सक्नेछन् । तर एकै व्यक्ति लगातार दुईपल्ट भन्दा बढी अध्यक्षमा निर्वाचित हुन सक्ने छैन ।

(५) संचालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उप-निर्वाचनबाट पूर्ति गरिनेछ ।

(६) एउटै परिवारको एक भन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(७) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था बाहेक अर्को कुनै सहकारी संस्थाको सदस्य बन्न पाउने छैन ।

(८) यस संस्थाको सञ्चालक समिति एकै समयमा अन्य सहकारी संस्थाको सञ्चालक बन्न पाउने छैन ।

**३७. संचालक समितिको काम, कर्तव्य र अधिकारः**

सदस्यहरूको हितलाई ध्यानमा राखी संचालक समितिले देहाय बमोजिमका कार्यहरू गर्नेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

Scanned with CamScanner

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने ,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) सेयर नामसारी तथा फिर्ता सम्वन्धी कार्य गर्ने ,

(ज) सम्वन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद- ७

## निर्वाचन सम्बन्धी व्यवस्था :

**३८ संचालक समिति र लेखा समितिको निर्वाचन**

(१) संस्थाको विनियमको अधीनमा रही संचालक समिति र लेखा समितिको निर्वाचन गर्न संचालक मितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

(२) सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा संस्थाको शेयर सदस्यहरु मध्येबाट एकजना (निर्वाचनमा उम्मेदवार नहुने) र डिभिजन सहकारी कार्यालय बाट एक जना कर्मचारी प्रतिनिधि रहने गरी निर्वाचन समिति गठन गरिने छ ।

(३) निर्वाचन समितिले विनियममा भएको व्यवस्था बमोजिम संचालक समिति र लेखा समितिको पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रियाबाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फाराम साथ उम्मेदवारले पेशगरेका आवश्यक प्रमाणहरु सिल्ड गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालक समितिको अध्यक्षको हनेछ ।

(५) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र शपथ ग्रहण गराउनेछ ।

(६) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन श्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

(७) कुनै सदस्य संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा मनोनयन पत्र साथ देहायका विवरण खुल्ने स्वघोषणा पत्र पेश गर्नु पर्नेछ :

→ प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको,

→ कर्जा कारोवारमा अनियमितता नगरेको,

→ संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,

→ संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र

→ संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र वसोबास गरी रहेको ।

(८) एकाघर परिवारबाट एक भन्दा बढी व्यक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैनन् ।

(९) संचालकको पदावधि समाप्त हनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदावधि गुजारेको अवधि ३ महिना वितिसकेको भए ती संचालकहरु नयाँ संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(१०) सदस्यताका लागि आवश्यक पर्ने योग्यता नभएका व्यक्ति संचालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(११) कुनै दावी विरोध परी विवरण झुठा ठहरेमा निर्वाचन समितिले मनोनयन रद्द गर्नेछ ।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी विभाग काठमाडौं प्लाजा, काठमाडौं

Scanned with CamScanner

(१२) संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूची-४ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

(१३) संचालक समिति वा लेखा समितिको रिक्त पद निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमबाट मात्र पूर्ति गर्न सकिनेछ । यसरी निर्वाचित पदाधिकारीको पदावधि बाँकी अवधिको लागि मात्र हुनेछ । संम्पूर्ण समिति भंग गरिएको अवस्थामा भने निर्वाचित पदाधिकारीको पदावधि विनियम बमोजिम पूर्ण अवधिको हुनेछ ।

## ३९. संचालकहरूको काम, कर्तव्य र अधिकार :

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

(ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने, गराउने ।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

(घ) संचालकहरूलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(ङ) समितिका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्ने वा नगर्ने राय साथ समितिमा निर्णयका लागि पेश गर्ने ।

(च ) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने, गराउने ।

(छ) समितिको बैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्काल उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने ।

(ज) साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जाँचबुझ वा निरीक्षण गर्ने, गराउने ।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

(ठ) विनियामका व्यवस्थाहरूको पूर्ण पालना गर्न गराउन तदारूकता देखाउने ।

(ड) सहकारीका सिद्धान्तहरू र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरूको पालना गर्ने गराउने ।

(ढ) संबन्धित सहकारी कार्यालयको निर्देशन तथा सुझावहरूको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरू समयमा नै पेश गर्ने ।

(ण) सहकारी विभाग वा सहकारी कार्यालय वा सहकारीका संबन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरूको पालना गर्ने गराउने ।

(२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले लिखितरूपमा प्रत्यायोजन गरेका वा तोकेका कार्यहरू गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

(३) **सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको निर्देशानुसार साधारणसभा तथा समितिको बैठक बोलाउने,

Scanned with CamScanner

(ख) साधारण सभा तथा समितिद्वारा पारित निर्णयहरू कार्यान्वयन गर्ने, गराउने

(ग) साधारण सभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरू सदस्यहरूलाई पठाउने,

(घ) साधारण सभावाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरू भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने,

(ङ) साधारण सभा र संचालक समितिवाट भएको निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(च) कर्मचारी प्रशासन सम्वन्धी सम्पूर्ण कार्य गर्ने, गराउने ।

(छ) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयम संलग्न रही प्रवन्ध, निरीक्षण निर्देशन दिने

(ज) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) संस्थाको आर्थिक कारोवार सम्वन्धी जिम्मा लिने,

(ख) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखापुस्तिका नियमानुसार दुरूस्त राख्ने राख्न लगाउने,

(ग) साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवारसँग सम्वन्धित विवरण उपलव्ध गराउने ।

**(५) संचालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) संचालक समितिको बैठकमा नियमित रूपमा सहभागी हुने ।

(ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) निर्णय अनुसार विभिन्न उप समितिहरूमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

(घ) बैठकवाट गरिने निर्णयहरू संस्थाको हितका लागि हुनुपर्ने विषयमा सजग रहने ।

(ङ.) सहकारीका सर्वमान्य सिद्धान्तहरू, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरूको वर्खिलाप हुनेगरी संस्था संचालन हुन नदिने ।

(च) संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरूको प्रतिनिधिको रूपमा सदस्यहरूको हित प्रवर्द्धन हुने काम गर्ने, गराउने ।

**४०. समितिको बैठक**

(१) संस्थाको कार्य संचालनको लागि समितिको वैठक नियमित रूपमा बस्नेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वंयले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिव या व्यवस्थापकले समितिको वैठक बोलाउनेछ ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिका एकाउन्न प्रतिशत संचालकहरू बैठकमा उपस्थित भए बैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तीमा ५ जना संचालकहरूले समितिको वैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक वस्ने व्यवस्था गरिनेछ ।

**४१ लेखा सुपरिवेक्षण समितिः**

(१) नियमित रूपमा संस्थाको आन्तरिक वित्तीय सुशासन कायम गराउन साधारणसभाले एक जना संयोजक र दुई जना सदस्यहरू रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारणसभाका सम्पूर्ण सदस्यहरू मध्येवाट निर्वाचन गरिनेछ ।

(३) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था संचालक सरह हुनेछ ।

Scanned with CamScanner

(४) संचालक समितिका अन्य पदाधिकारीको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएको शेयरसदस्यहरू लेखा समितिको पदमा निर्वाचित हुन पाउने छन् तर सञ्चालक समितिका कुनै पदाधिकारी लेखा समितिमा उम्मेदवार हुन पाउने छैन ।

## २. लेखा सुपरिवेक्षरण समितिको काम, कर्तव्य र अधिकार

(१) लेखासुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

- (क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,
- (ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,
- (ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,
- (घ) समितिको काम कारवाहिको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
- (ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने, समग्र वित्तीय अनुशासन कायम भए नभएको जाँचबुझ गर्ने,
- (च) लेखा सम्वन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षण सम्वन्धि वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने ,
- (छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ,
- (ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।
- (झ) लेखा परीक्षण प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य पेश गर्ने ।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन ।

## लेखा समितिको बैठक

लेखा समितिको बैठक कम्तिमा वर्षमा ४ पटक बस्नेछ । बैठक बोलाउने जिम्मेवारी संयोजकलाई हुनेछ ।

## समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्थाः

देहायका अवस्थामा समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने मानिनेछ :-

- (क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजीनामा समितिले स्वीकृत गरेमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजीनामा स्वीकृत गरेमा ।
- (ख) मृत्यु भएमा ।
- (ग) समितिबाट स्वीकृति नलिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजि व्यापार संचालन गरेको प्रमाणित हुन आएमा ।
- (घ) विनियमको दफा ९ बमोजिम सदस्यता हुने योग्यता नरहेमा ।
- (ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा । तर निर्णय अनुसार कुनै संचालकले प्रवन्धक वा व्यवस्थापकको रूपमा काम गर्न सक्नेछ ।
- (च) विना सूचना लगातार ३ वटा सम्म बैठकमा अनुपस्थित भएमा ।
- (छ) १ वर्ष भन्दा बढि अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।
- (ज) काठमाडौं महानगरपालिका भित्रकै समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा संचालक वा कुनै समिति उपसमितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।
- (झ) पदावधि समाप्त भएमा ।
- (ञ) साधारण सभाको निर्णय अनुसार पदबाट हटाएमा वा समिति विघटन गरिएमा ।


Scanned with CamScanner

तर उपरोक्त (ग) वा (ज) बमोजिम संचालकको वारेमा निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

(ट) अन्य व्यववस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## उप समतिहरूको गठन काम, कर्तव्य र अधिकार

**५. ऋण लगानी उपसमिति :**

(१) ऋण लगानी उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिले शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म ऋण लगानी उपसमितिको पदमा मनोनयन गरिने छैन । -

(३) उपदफा (१) बमोजिम गठित उपसमितिको पदावधि समितिको निर्णय बमोजिम हुनेछ ।

**६. ऋण लगानी उपसमितिको बैठक :** ऋण लगानी उपसमितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

**७. ऋण लगानी उपसमितिको काम, कर्तव्य र अधिकार :**

(१) साधारणसभाबाट पारित बचत तथा ऋण नीति र समितिले दिएको निर्देशनको अधीनमा रही सदस्यहरुबाट पेश हनु आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समतिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था वारे विभिन्न प्रक्रिया अवलम्वन गरी जाँच गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गरी निर्णय लिने । यस्ता आधार अन्तर्गत सम्पत्तिको यथार्थ मूल्यांकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित वजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकीन गर्नेछ ।

(२) सदस्यहरुबाट संस्थामा रहेको नगद मौज्दात भन्दा बढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।

(३) सदस्यवाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन नियमित अनुगमन गर्ने गराउने काम गर्नेछ ।

(४) सदस्यद्वारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरुको समय समयमा निरीक्षण गर्नेछ ।

(५) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली प्रकृया शुरु गर्ने र कानुनी कारवाहीको लागि समिति समक्ष समयमै पेश गर्नेछ र निर्णय भए बमोजिम गर्नेछ ।

(६) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

**८. शिक्षा/स्वास्थ्य उपसमिति :**

(१) शिक्षा उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र अन्य दुईजना सदस्यहरु समितिले मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म शिक्षा उपसमितिको कुनै पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिम गठित उपसमितिको पदावधि समितिले तोके बमोजिम हुनेछ ।

**९. शिक्षा उपसमितिको बैठक :** शिक्षा उपसमितिको बैठक आवश्यकता अनुसार जुन सुकै बेला बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

**०. शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार :**

(१) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सहकारी सम्बन्धी तालिम अन्तरकृया, गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

Scanned with CamScanner

(२) संस्थाको सदस्य र गैर सदस्यहरुका बीचको भेदभावको बारेमा सदस्यलाई जानकारी दिने।
(३) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।
(४) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

१. **अन्य उपसमितिहरुको गठन** : संचालक समितिले संस्थाको उद्देश्य र कार्यहरु संचालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरुको गठन गर्न सक्नेछ। समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकिदिनेछ ।

२. **समिति उपसमितिका पदाधिकारीहरु एवं सदस्यहरु अवैतनिक हुने** : संचालक समिति एवं अन्य समिति वा उप समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर, संचालक सदस्य मध्ये कसैले प्रबन्ध संचालकका रुपमा कार्य गरी पारिश्रमिक लिन यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

३. **उप समितिहरूको गठन :**
समितिले संस्थाको उद्देश्य र कार्यहरू संचालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरूको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरूको शर्त तथा सुविधाहरू तोकिदिनेछ । यसका अलावा संस्थाले आफ्नो कार्य प्रकृति अनुसार विभाग अन्तर समूह , समूह र परिषद हरुको व्यवस्था गर्न सक्नेछ ।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी विभाग काठमाडौं प्लाजा, काठमाडौं, नेपाल

## परिच्छेद-९
## कार्य संचालन

४. **उत्तरदायित्व श्रृंखला :**
संस्थाको कार्य संचालनमा नियुक्त कर्मचारीहरू निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरू साधारणसभा तर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व श्रृंखला कायम गरिनेछ ।

५. **व्यवस्थापकको नियुक्ति :**
संस्थाको व्यवस्थापकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(१) स्वीकृत कर्मचारी प्रशासन उप-विनियम बमोजिम कर्मचारी प्रशासन संचालन गर्ने । यस्तो व्यवस्था नभएको अवस्थामा अन्तरिम रूपमा संचालक समितिबाट निर्णय गराई आवश्यक प्रशासनिक निर्णय लिनु पर्नेछ ।

(२) साधारण सभाको स्वीकृत दरबन्दी र संस्थाको आर्थिक सक्षमताको आधारमा समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पूरा गरी गराई व्यवस्थापक नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्ध संचालकको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(४) व्यवस्थापकले कर्मचारी प्रशासन उप-विनियम तथा संस्थाको क्षमताको आधारमा संचालक समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पूरा गरी गराई संस्थालाई आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्नेछ ।

(५) संस्थाले कर्मचारी भर्ना गरी संस्थाको काम संचालन गर्न सक्ने अवस्था नभएमा संचालक समितिको निर्णय अनुसार संचालकहरू बीच कामको बाँडफाँड गरी स्पष्ट जिम्मेवारी समेत तोकी संस्था संचालन गरिनेछ । अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए अनुसार हुनेछ ।

. **व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**
व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी संचालक समितिलाई सहयोग गर्ने,



Scanned with CamScanner

(ख) संस्थाको सदस्यता आवेदन फारामहरू संकलन एवं विवरण तयार गरी समितिमा स्वीकृतिका लागि प्रस्तुत गर्ने र आवश्यक सूचनाहरू उपलब्ध गराउने,

(ग) साधारणसभा र संचालक समितिका सबै बैठकहरूमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरूलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरूको विषय सूची तयार गर्ने,

(च) संस्थाका सदस्यहरूलाई सहकारी सम्बन्धी चेतना अभिबृद्धि गर्न सहकारी विषयका विविध पक्षमा जनचेतना मूलक अभिमूखिकरण कार्यक्रम तथा तालिमको संयोजन गर्न शिक्षा उपसमितिलाई सहजिकरण गर्ने,

(छ) संस्थाका सबै कर्मचारीहरूको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने । संस्थाका सबै कामहरू सुचारू रूपमा संचालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरिवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्यांकन गर्ने गराउने, कामको मूल्यांकनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत वा सजाय गर्ने आदि, ।

(ज) साधारण सभा र संचालक समितिको नीति, निर्देशन एवं निर्णय र सम्बन्धित सहकारी नियमनकारी निकायको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(झ) समितिप्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरू गर्ने, गराउने ।

(ट) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तिय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका संचालक, लेखा समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने ।

(ठ) पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र काममा रूची बढाउन तालिम एवं अध्ययन भ्रमण को कार्यक्रम साथै कर्मचारीहरूका लागि Incentive Package को योजना बनाई स्वीकृतिको लागि पेश गर्ने ।

(ड) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यक्रम बनाई स्वीकृतिका लागि पेश गर्ने ।

(ढ) संचालक समितिले समय समयमा दिने निर्देशन नियमन गर्ने, गराउने ।

**७. विशेष जिम्मेवारी :**

समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण विशेष जिम्मेवारी समेत बहन गर्नुपर्नेछ ।

**८. कर्मचारीको नियुक्ति तथा सेवा शर्त**

संस्थाको उद्देश्य अनुरूप शेयर सदस्यहरूलाई आवश्यक सेवा उपलब्ध गराउन, संस्थाको आर्थिक हित कायम राख्न संस्थाको कर्मचारीहरूलाई उचित सुविधा तोक्न, अनुशासन कायम राख्न तथा व्यवस्थापन र कर्मचारी विच असल सम्बन्ध बनाई दैनिक कार्य संचालन गर्नको लागि संस्थाको संचालक समितिले कर्मचारी सुविधा सम्बन्धी नियमावली बनाई संस्थाको वार्षिक साधारणसभाबाट पारित गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद-१०
## कोषको व्यवस्था

**९. संस्थाको कोष :**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) सेयर विक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,
(च) व्यवसायिक कार्यबाट आर्जित रकम,
(छ) सदस्यता प्रवेश शुल्क,
(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(२) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

(३) उपदफा (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारको रकम समितिले निर्णय गरेको कुनै बैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

**६०. कोषको सुरक्षा :**

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून बमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरूको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षणको लागि बीमा गर्न सक्नेछ ।

**६१. कोषको उपयोग :**

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधिनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको संचालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजि फर्म, विद्यालय, कलेज, नर्सिङ्ग होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

**६२. खाता संचालन :**

कोषको खाताको संचालन समितिको अध्यक्ष वा संचालक वा व्यवस्थापक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरूमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरू कानून सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा बचत अपचलन भएको मानी प्रचलित कानून बमोजिम कसूर गरेको ठहर गरी सजाय समेत हुनेछ ।

**६३. बचतको वितरण :**

खुद बचत (मुनाफा)को २५% रकम जगेडा कोषमा छुट्टाई बाँकी रहेको बचत रकमलाई १००% मानी सोबाट कम्तिमा २५% रकम संरक्षित पुँजी फिर्ता कोषमा र ०.५% ले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गरिनेछ । बाँकी रहेको रकमलाई १००% मानी देहाय बमोजिमक कोषहरूमा जम्मा गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | सहकारी शिक्षा कोष | १० | प्रतिशत |
| (ख) | शेयर लाभांश कोष | ५५ | " |
| (ग) | कर्मचारी बोनस कोष | ५ | " |
| (घ) | सहकारी विकास कोष | ५ | " |
| (ङ) | घाटापूर्ति कोष | ५ | " |
| (च) | सामुदायिक विकास कोष | ५ | " |
| (छ) | स्थिरीकरण कोष | ५ | " |
| (ज) | अन्य जोखिम कोष | ५ | " |
| (झ) | सदस्य हित कोष | ५ | " |
| | जम्मा | १०० | प्रतिशत |



Scanned with CamScanner

उपदफा (ख) शेयर लाभांश कोषबाट सदस्यहरूलाई लाभांश वितरण गर्दा शेयर पुँजीको १८% भन्दा बढी नहुने गरी वितरण गरिनेछ ।

उपदफा (ग) कर्मचारी बोनस कोषबाट कर्मचारी हरूलाई वितरण गर्दा बढीमा तीन (३) महिनाको तलब भन्दा नबढ्ने गरी वितरण गरिनेछ ।

४. **जगेडा कोष :**

संस्थाको जगेडा कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जाँच भएपछि खुद बचतबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) सदस्यता प्रवेश शुल्क,

(ग) स्थीर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

५. **संरक्षित पुजी फिर्ता :**

दफा ५४ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कोषबाट सहकारी ऐन र नियमावली बमोजिम कारोवारको आधारमा संरक्षित पुँजी फिर्ता गरिनेछ ।

६. **लाभांस वितरण गरिने :**

कुनै वर्षको शेयर लाभांस दफा ५४ को उपदफा (२) को खण्ड (ग) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको शेयरको रकमको १८ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन ।

७. **जगेडा कोषमा सार्नु पर्ने :**

(१) **दफा ५५(क) बमोजिम** प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जाँच भएपछि खुद बचतबाट छुट्याइएको कम्तिमा २५ प्रतिशत रकम जगेडा कोषमा सार्नु पर्नेछ ।

(२) कुनै वर्ष शेयर लाभांस कोष, कर्मचारी बोनस कोष र संरक्षित पुँजि फिर्ता कोषबाट रकम वितरण नगरेमा वा उक्त कोषहरूमा रकम बाँकी रहेमा उक्त कोष खाता शून्य गरी जगेडा कोषमा सार्नु पर्नेछ ।

## परिच्छेद-११
## बचत परिचालन

**बचत संकलन गर्न सक्ने :**

(१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारणसभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका शर्त-बन्देज अन्तर्गत सदस्यहरूबाट बचत संकलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त दफा ६८, ६९, ७०, ७१ र ७२ का व्यवस्थाका साथै देहायका शर्त बन्देजहरू समावेश गरिनेछन् ।

(क) सदस्यहरूबाट उद्देश्य शुरू गर्ने बानी बसालेर अड्को पड्को टारी ऋणग्रस्त हुनबाट बच्नुका साथै पाँच-सात वर्षभित्रै जेथा जोड्न सक्ने बन्ने हुनुपर्ने ।

(ख) सदस्यहरूबाट मात्र बचत संकलन गर्नुपर्ने ।
(ग) मासिक रूपमा एक जना सदस्यले रू. १।- देखि बचत जम्मा गर्न सक्ने ।
(घ) सदस्यहरूको बचत खाता मात्र खोल्न सकिने ।
(ङ) सदस्यहरूले संस्थामै आइ बचत जम्मा गर्नुपर्ने, संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता वा कर्मचारी सदस्यहरूको घर घरै खटाएर बचत उठाउन नहुने,
(च) ऐन बमोजिम तोकिएको सन्दर्भ ब्याजदर अनुसार बचत तथा ऋणको ब्याजदर निर्धारण हुने ।

(छ) ऋणमा ब्याज पुँजिकरण नगरिने तथा ब्याज गणना गर्दा तिर्न बाँकी साँवा रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशत सम्म हर्जाना लिन सकिने ।

६९. **बचत संकलनमा सीमा :**
(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै वखत प्राथमिक पूँजी कोषको १५ गुनाभन्दा वढी हुने छैन ।
स्पष्टीकरण: यस उप दफाको प्रयोजनका लागि प्राथमिक पूँजी कोषको गणना गर्दा शेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ ।
(२) संस्थाको जम्मा बचत दायित्व रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिए बमोजिम वार्षिक सदस्य तर्फ खरिद वा विक्रि कारोवारको रकम जोडी हुन आउने जम्मा कारोवारको ३० प्रतिशतभन्दा बढी हुने छैन ।

७०. **ऋण दिन सक्ने :**
(१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमासम्मको रकम छुट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ ।
(क) सदस्यको व्यक्तिगत बचतको तीन गुनासम्म आफ्नै बचतको सुरक्षणमा र
(ख) सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।
तर यस उपदफा बोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रू. दशलाख भन्दा बढी हुने छैन ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समुहको जमानीविना रू दशलाख भन्दा बढी रकम ऋण लिन चाहेमा चल अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।
(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक,व्यवसाय वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।
तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घट्ना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन वाधा पर्ने छैन ।
(४) उपदफा (१) र (२) मा जुनसकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतित नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।



Scanned with CamScanner

(५) ऋण प्रवाहमा प्राथमिकता लगायतका अन्य व्यवस्था बचत परिचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

७१. **ऋण प्रवाहमा सीमा :**

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ६१ को उपदफा (१) बमोजिम तरलता व्यवस्थापछिको लगानी योग्य रकमको आधा प्रतिशतभन्दा वढी ऋण दिन सकिने छैन।

(२) उपदफा (१) को अधिनमा रही कुनै संचालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारणसभाले बेला-बेलामा तोकि दिए बमोजिम हुनेछ।

७२. **ऋण वाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :**

संस्थाले संकलन गरेको बचतको रकम दफा ६८ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाका शर्त बन्देज अन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलता वापत नगदै राख्न वा नेपाल राष्ट्र बैंकले जारी गरको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन।

७३. **साधारणसभाको स्वीकृति लिनुपर्ने :** समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी साधारणसभाको स्वीकृति लिनुपर्नेछ।

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, उपलेखन गर्नुपर्दा वा ऋणका शर्त बन्देजहरू फेर्नुपर्दा

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घर लगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा।

(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी विभाग काठमाडौं, नेपाल

## परिच्छेद-१२
## कारोवारमा सीमाङ्कन

७४. **सदस्य केन्द्रीयता :**

(१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ।

(क) स्व-रोजगारी योजना अन्तर्गत कच्चा पदार्थ वा उत्पादित वस्तु बजार जहाँसुकै खरिद विक्री गरे तापनि स्व-रोजगारीको अवशर सदस्यहरूलाई मात्र दिलाएर र

(ख) बचत परिचालन सेवामा बचत संकलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सिमित गरेर।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर व्यावसायिक सेवाहरूमा सदस्य र गैरसदस्य बीच पहुँचमा कुनै किसिमले विभेद गरने छैन।

(३) सहकारी परम्परा अनुरूप विशेष अवस्थाका गैर सदस्यहरूलाई व्यावसायिक सेवाहरू प्रदान गर्नु पर्दा सदस्य र गैर सदस्य बीच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मूल्यमा फरक गरिने छैन

७५. **स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिवन्धः**

(१) सञ्चालकले आफ्नो निजि स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नोअधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असुल उपर गरिनेछ।



Scanned with CamScanner

७६. **कर्मचारीसंगको कारोवारमा निर्बन्धन:**
संस्थाका कर्मचारी र संस्थाबीचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

७७. **जोखिम मूल्यांकन:**
संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायवाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण निर्देशन बमोजिम जोखिम मूल्यांकन गरिनेछ ।

७८. **कारोबार नगरिने :**
सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्था विपरित संस्थाबाट कसैसंग कुनै कारोवार गरिने छैन ।

## परिच्छेद-१३
## अभिलेख

७९. **कारोबारको लेखा:**
संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवं खाता संरचना बमोजिम राखिनेछ ।

८०. **खाताबही**
संस्थाले देहाय बमोजिमको वही खाता तथा दर्ता किताव राख्नेछ:-
(क) विनियमको अनुसूची-२ बमोजिमको सदस्य दर्ता किताव,
(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरूको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरू ,
(ग) नगद बही खाता ,
(घ) संस्थाले अरू कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताव,
(ङ) शेयर दर्ता किताब,
(च) ऋण लेनदेन गरेको दर्ता किताव,
(छ) वेरूजू एवं सम्परीक्षण किताव,
(ज) व्यक्तिगत खाता,
(झ) सदस्यहरूको व्यक्तिगत बचत खाता,
(ञ) जिन्सी दर्ता किताब,
(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरू,
(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

८१. **आन्तरिक हिसाब जाँच:**
संस्थाको आन्तरिक हिसाब अधिकार प्राप्त कर्मचारीले जाँच गर्नेछ । कुनै कारणवस कर्मचारी नभएमा लेखा सुपरिवेक्षण समितिका सदस्यहरू र संस्थाको कोषाध्यक्षको संयुक्त पहलमा आन्तरिक हिसाब जाँच गरिनेछ ।

८२. **वार्षिक हिसाब जाँच:**
(१) संस्थाले प्रत्येक वर्षको हिसाव-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।
(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।
(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।
(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।
(५) साधारणसभाले लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्नु पर्नेछ । ले.प. नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।
(६) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी शाखा, काठमाडौं, नेपाल



Scanned with CamScanner

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्बन्धी कानूनको पालना गरेका छन् छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरूको पालना गरेका छन् छैनन् ।

(ग) लेखा परिक्षक नियुक्तिमा सहमति स्वीकृति दिंदा सम्बन्धित सहकारी विभागले दिएको निर्देशन बमोजिमका विषयहरूमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरू पर्याप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरूबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरू भएका छन वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरूले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

८३. **विद्युतीय लेखा प्रणालीको प्रयोग:**
संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धिकरण जोखिम मूल्यांकन गरी दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिइनेछ ।

८४. **अन्य आधारभूत कागजात:**
सहकारी संस्थाले नयाँ सदस्य थप गर्दा, कर्मचारी नियुक्ति गर्दा, ऋण प्रवाह गर्दा तथा व्यवसायमा लगानी गर्दा आधारभूत कागजातहरू अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद-१४
## प्रतिवेदन

८५. **एकीकृत सूचना प्रणालीमा आबद्धता**
समितिले संस्थाको सम्पूर्ण वित्तीय तथा व्यवस्थापकिय सूचना नियमक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधीकरण गर्ने व्यवस्था समेत मिलाउनु पर्दछ ।
तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलगै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

८६. **दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदन:**

१) साधारणसभा सम्पन्न भएको १५ दिनभित्र लेखापरिक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयका प्रतिलिपिहरू, सदस्यहरूको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएका भए निर्वाचित संचालकहरूको हालसालै खिचिएको फोटो सहितको तीन पुस्ते विवरण ।

२) प्रत्येक ६-६ महिनामा स्वीकृत संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई दिइएको ऋण र पेश्की रकमको विवरण ।

३) संस्थाको स्वीकृत बचत तथा ऋण नीति, कर्मचारी प्रशासन एवं आर्थिक प्रशासन उप-विनियमको १-१ प्रति ।

४) ७ दिन भित्र व्याज दरमा गरिएको परिवर्तन र परिवर्तन गर्नु पर्नाको कारण ।

५) तोकिए बमोजिमको समय भित्र संस्थाको अनुगमन गर्दा दिइएको सुझाव वा निर्देशनको कार्यान्वयनको प्रगति विवरण ।

६) प्रारम्भिक साधारण सभा भएको ६ महिना भित्र संघको सदस्यता लिएको वा नलिएको भए सो को कारण सहितको विवरण ।

७) आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र अघिल्लो आर्थिक वर्षमा थप घट भएको सदस्यताको विवरण पठाइनेछ । यस्तो विवरणमा कुल सदस्यहरू मध्ये महिला पुरूषको संख्या साथै नयाँ सदस्यता बनाइएका सदस्यहरूको बसोबास गरेको क्षेत्र उल्लेख गरिनेछ ।

८) काठमाडौं महानगरपालिका, सहकारी विभाग वा सम्बन्धित सरकारी कार्यालयले माँग गरेको अन्य विवरण ।



Scanned with CamScanner

(ङ) प्रचलित कानूनमा तोकिए बमोजिम कार्यहरू ।

**८७ वित्तीय जानकारी एकाइमा प्रतिवेदन:**

सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाइनेछ ।

**८८. साधारणसभामा जानकारी गराउनुपर्ने :**

अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनु पर्नेछ ।

(क) संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंकबाट भएका निर्णयहरू,

(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तिय वा गैर वित्तीय सहयोगको रकम वा प्रतिबद्धता ।

(ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाव, टिप्पणी वा निर्देशन वा जारी मापदण्ड, निर्देशिका वा नीतिहरू ।

**८९. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा:**

संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोवारका बारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु पर्नेछ । तर शेयर सदस्यहरूको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ ।

**९०. सूचनाको संरक्षण:**

संस्थाको नियमक निकाय बाहेक संस्थाको कुनै सूचना अन्य व्यक्ति, संस्था वा निकायहरूलाई उपलब्ध गराउने छैन ।

## परिच्छेद - १५
## लेखा परीक्षण

**९१. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।

(५) साधारण सभाले लेखा परीक्षक नियुक्त गर्दा प्रत्येक आर्थिक वर्षको लागि सूचीकृत भएको रजिष्टर्ड लेखापरीक्षक लाई मात्र गर्नेछ ।

(६) साधारणसभाले लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने अधिकार संचालक समितिलाई दिन सक्नेछ ।

(७) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनुपर्नेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्वन्धी कानूनको पालना गरेका छन छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरुको पालना गरेका छन छैनन् ।

(ग) लेखा परिक्षक नियुक्तिमा सहमति दिंदा काठमाडौं महानगरको कार्यालय काठमाडौंले दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु पर्याप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरुबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन वा छैनन् ।



Scanned with CamScanner

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका बारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

(८) लेखापरीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा सम्वन्धित सहकारी कार्यालयले अर्को लेखापरीक्षक नियुक्त गर्न निर्देश गर्न सक्नेछ वा त्यस्ता लेखा परिक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरीक्षण गर्न अनुमति नदिन सक्नेछ ।

## परिच्छेद-१६
## विविध

**९२. एकिकरण वा विभाजन :**

(१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको बहुमतले संस्था एकिकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकिकरण र विभाजन गर्दा संघीय सहकारी ऐनको दफा ८७ बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।

(२) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको बहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा सहकारी ऐन बमोजिमको प्रकृया अपनाईनेछ ।

**९३. कार्यान्वयन अधिकारी :**

(१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

**९४. मध्यस्थता**

संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा सम्वन्धित जिल्लाको जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ वा संस्था आवद्ध रहेको अन्य सहकारी संघसंग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरू सुल्झाउन सहकारी विभागले आफैले वा सहकारीका कुनै संघका पदाधिकारी मार्फत पहल गरेमा संस्थाका सबै सदस्य र पदाधिकारीहरूले सहयोग पुऱ्याउनेछन् ।

**९५. समानता र समता :**

(१) संस्थाको कार्य संचालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पंक्तीमा महिला उपस्थिति बढाउनका साथै संचालकिय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन जो-चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

**९६. विनियम संशोधनः**

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरूको निर्णयबाट प्रचलित सहकारी ऐन नियम, काठमाडौं महानगरपालिका सहकारी विभागको निर्देशन र मापदण्ड तथा सहकारीका सिद्धान्तको अधीनमा रही संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम काठमाडौं महानगरपालिका, सहकारी विभागमा पेश गरी दर्ता गर्ने अधिकारीबाट स्वीकृति लिएपछि लागू हुनेछ ।

**९७. साधारण सभाले कार्यविधि बनाउन सक्ने :**



Scanned with CamScanner

(१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तगत बनेको नियम, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक नीति, निर्देशिका, मापदण्ड कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ ।

(३) यस दफा बमोजिम स्वीकृत कायविधि १ प्रति जानकारीको लागि काठमाडौं महानगरपालिका, सहकारी विभागमा पठाउनु पर्नेछ ।

**९८. व्याख्या गर्ने अधिकार**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम एवं प्रचलित कानून बमोजिम हुनेछ ।

**९९. ऐन नियमावलीसंग बाझिएकोमा अमान्य हुने ।**

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरू प्रचलित सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरूसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरूको बारेमा सहकारी ऐन, नियम, काठमाडौं महानगरपालिका, सहकारी विभागद्वारा जारी परिपत्र, मापदण्ड र सहकारीका सिद्धान्तहरू बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सहकारी विभाग
काठमाडौं प्लाजा, काठमाडौं, नेपाल



Scanned with CamScanner

**अनुसूचि- १**

(विनियमको दफा ४ संग सम्बन्धीत)

**संस्थाको चिन्ह र छाप**

संस्थाको चिन्ह वा छापको लोगो यस प्रकार हुनेछ ।

बचत तथा ऋण सहकारी जानिने विषयवस्तु हुनुपर्ने सस्थांको चिन्ह वा छाप देहाय बमोजिम हुनेछ :

गोलाकार घेरामा माथी पवित्र लुम्विनी बचत तथा ऋण सहकारी सस्था लि. Pabitra Lumbini Saving and Credit Co-operative Ltd. र तल ठेगाना काठमाण्डौ लेखी पुनः अर्को गोलाकार घेराभित्र माथितिर थापिरहेको दुई हात, हातको तल सस्था स्थापनाको वर्ष २०६५ लेखिएको र दुई हातको भित्रपट्टि अर्को गोलाकार घेरामा बुद्ध मुर्ति राखिएको हुनेछ ।



Scanned with CamScanner

## अनुसूची-२
## पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.
### काठमाडौं
### सदस्यता दर्ता किताब

| सदस्यको नाम | बाजे वा ससुराको नाम | बाबुको नाम | पति/पत्निको नाम | उमेर | ठेगाना | पेशा | खरिद गरेको शेयर संख्या | खरिद गरेको शेयर मूल्य | सदस्य भएको मिति | मनोनित हकवाला | | | सदस्यको फोटोमापर्ने गरी दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नाम | उमेर | ठेगाना | | |
| | | | | | | | | | | | | | | |

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी विभाग त्रिपुरेश्वर, काठमाडौं, नेपाल



Scanned with CamScanner

अनुसूची- ३
(विनियमको दफा २५ सँग सम्वन्धित)

दर्ता नं. २१७६।०६५।६६ पान नं. ३०३६११८७७

श्री पवित्र लुम्विनी बचत तथा ऋण सहकारी संस्था लि.

बागबजार, काठमाडौं

सेयर प्रमाणपत्र न :

# शेयर प्रमाण-पत्र

सदस्यता नं......

श्री .......................................... को नाति/नातिनी श्री .................................... को छोरा छोरी श्री ............................................ को पत्नी/पति ........ जिल्ला ....................महा/उप/नगर/गाउँ/पालिका वडा नं. .......... बस्ने श्रीमान/श्रीमती...................................ले यस .......... सहकारी संस्था लि. को विनियम अनुसार रू. १०० दरको जम्मा ................कित्ता शेयर वापत जम्मा रू.......................(अक्षरेपी.........................................मात्र) बुझाई यस संस्थाको शेयर खरीद गर्नु भएकोले यस संस्थाको छाप लागेको यो प्रमाण पत्र प्रदान गरिएको छ ।

......................

संस्थाको छाप

| ................ | .............. | .............. |
|---|---|---|
| सचिव | व्यवस्थापक | अध्यक्ष |

जारी मिति ...............



Scanned with CamScanner

# शेयर प्रमाणपत्रको पछिल्लो पृष्टको भाग

र दाखिला विवरण

| प्रति शेयर मूल्य | शेयर संख्या | शेयर खरिद मिति | बुझाएको जम्मा रकम | दाखिला खारेज | | दाखिला खारेज गरी पाउनेको | | बाँकी शेयर | संस्थाबाट प्रमाणित गर्नेको | | संस्थाको छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको मिति | शेयर कित्ता | नाम | ठेगाना | | नाम | दस्तखत | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |



Scanned with CamScanner

## अनुसूचि- ४
### शपथ ग्रहण
पवित्र लुबिनी बचत तथा ऋण सहकरी संस्था लि.
बागबजार,काठमाण्डौं ।

.............................. (सपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु, मेरो ...ले भ्याएसम्म समितिको सदस्यका नाताले सबै काम तथा बैठकहरुमा नियमित रुपले भाग ... तथा सस्थांको विकास र सदस्यहरुको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित ...बाट निर्णय लिनेछु ।

| सपथ ग्रहण गर्ने पदाधिकारीको | सपथ ग्रहण गराउने पदाधिकारीको |
|---|---|
| नाम:- | नाम:- |
| दस्तखत:- | दस्तखत:- |
| मिति:- | मिति:- |
| पद:- | पद:- |

इति सम्वत २०........ साल....... महिना........ गते रोज..... शुभम ।